आज मिति २०७३ जेठ २६ गते बुधबार विहान ११:०० बजे नि. कार्यकारी अधिकृत श्री गणेश नेपालीज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत  गणेश नेपाली अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :-**

**१. लिलामबारे ।**

**२. विनायक विद्याश्रमको कर चुक्ता भुक्तानीबारे ।**

**३ उपभोक्ता समिति गठन अनुमोदनबारे ।**

**४. भ.न.पा. दरवार स्क्वायरस्थित वत्सला देवी मन्दिर र केदारनाथ मन्दिरको बजेट रकमान्तरबारे ।**

**५. सौर्य सडक बत्तिबारे ।**

**६. मोटरसाइकल र साइकल मर्मतबारे ।**

**निर्णयहरु :-**

१. निम्न लिखित सामानहरू पुरानो भई काम नलाग्ने भएको भनी मिति २०७१।७।१७ गते, २०७१।१२।२२ गते र २०७२।१०।१४ गते गोरखापत्रमा पटक पटक लिलाम गर्न विज्ञापन प्रकाशित गर्दा समेत लिलाम नभएकोले तोकिएको न्यूनतम दररेटमा ५० प्रतिशत घटाई न्यूनतम दररेट कायम गरी लिलामको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विवरण | लिलाम गर्नु पर्ने संख्या | पुरानो न्यूनतम दर | हाल कायम हुने न्यूनतम दर | कैफियत |
|---|---|---|---|---|---|
| | | **फर्निचर** | | | |
| १ | रिभलिङ्ग चियर | ५ | १०६२।५० | ५३१।२५ | काम नलाग्ने |
| | | **सवारी साधन** | | | |
| १ | मोटर नं. (८६०५,८६०६र८८० ) | ३ | १०२०००।०० | ५१०००।०० | कवाडीमा |
| | | **मेशिनरी औजार र यन्त्र** | | | |
| १ | पंखा | १५ | एकमुष्ट | एकमुष्ट | काम नलाग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | क्यालकुलेटर | १२७ | १४०२५०।०० | ७०१२५।०० | ,, |
| ३ | भिते घडी | २६ | | | ,, |
| ४ | टाइपराइटर | १९ | | | पुरानो मोडेल |
| ५ | किरोसियन हिटर | २० | | | काम नलाग्ने |
| ६ | टि.भी. | ४ | | | पुरानो मोडेल |
| ७ | टेलिफोन सेट | ९० | | | काम नलाग्ने |
| ८ | गाग्री | १ | | | काम नलाग्ने |
| ९ | क्यामेरा | १० | | | पुरानो मोडेल |
| १० | डुब्लिकेटिङ्ग मेशिन | २ | | | पुरानो मोडेल |
| ११ | रेडियो | ३ | | | काम नलाग्ने |
| १२ | कफी मिक्सचर | १ | | | पुरानो मोडेल |
| १३ | फोटोकपी मेशिन | ४ | | | पुरानो मोडेल |
| १४ | कर्डलेस फोन | ३ | | | पुरानो मोडेल |
| १५ | नेभल भिडियो क्यामेरा | २ | | | पुरानो मोडेल |
| १६ | चेक राइटर | १ | | | काम नलाग्ने |
| १७ | मुभि क्यामेरा स्टायण्ड | १ | | | काम नलाग्ने |
| १८ | भ्याकुम क्लिनर | ५ | | | काम नलाग्ने |
| १९ | कम्प्युटर सेट | २९ | | | काम नलाग्ने |
| २० | लेजर र इप्सन प्रिन्टर | ८ | | | पुरानो मोडेल |
| २१ | यू.पि.एस. | १० | | | काम नलाग्ने |
| २२ | भोल्टगार्ड/स्टेपलाइजर | २१ | | | काम नलाग्ने |
| २३ | इवात्सु कि टेलिफोन सिष्टम | १ | | | काम नलाग्ने |
| २४ | फ्याक्स मेशिन | ४ | | | काम नलाग्ने |
| २५ | प्लेट मेकर | १ | | | पुरानो मोडेल |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | कपी होल्डर | १ | | | काम नलाग्ने |
| २७ | औजा हाइण्ड माइक | ८ | | | काम नलाग्ने |
| २८ | भिडियो डेक | ६ | | | पुरानो मोडेल |
| २९ | इन्लार्जर | २ | | | काम नलाग्ने |
| ३० | डेभलोपिङ्ग टाङ्क | १ | | | काम नलाग्ने |
| ३१ | फोटो धुलाई प्लेट | ३ | | | काम नलाग्ने |
| ३२ | फिल्टर क्यामेरा | ६ | | | काम नलाग्ने |
| ३३ | पम्प (स्प्रे) मेशिन | १८ | | | काम नलाग्ने |
| ३४ | मोबाइल फोन | ११ | | | पुरानो मोडेल |
| ३५ | स्क्यानर | २ | | | काम नलाग्ने |

२. **भक्तपुर नगरपालिकाको नाममा शेयर स्वामित्व भएको विनायक विद्याश्रम प्रा.लि. को आ.व. २०७१।७२ को लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको कारोवारको कर चुक्ता प्रमाण आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट लिई उक्त प्रा.लि खारेजी प्रक्रियामा जाने निर्णय बमोजिम कार्वाही अगाडि बढाउनु पर्ने हुंदा आन्तरिक राजस्व कार्यालय भक्तपुरको नाममा जम्मा रु.७४००।– सात हजार चार समय रुपैया मात्र कर चुक्ता गरेको रकम कानुन अधिकृत गणेशलाल फोजुलाई भुक्तानी दिने निर्णय गरियो ।**

३. **गत मिति २०७२ साल बैशाख १२, १३ र २९ गतेको विनासकारी भूकम्पबाट पूर्ण क्षति भएको भ.न.पा. वडा नं. १३ स्थित दरवार परिसरस्थित श्री वत्सला देवी मन्दिर तथा ऐ.ऐ. स्थानको केदारनाथ मन्दिर पुन: निर्माण गर्न क्रमश: रु.१,२८,६२,२१३।८३ र रु. ७२,६३,३२७।– मिति २०७२।६।३० मा ल.ई. स्वीकृत भै सो योजनाहरु स्थानीय उपभोक्ता समिति मार्फत संचालन गर्न लगाउने न.पा. को पत्र बमोजिम गठित भै आएको उपभोक्ता समिति क्रमश: श्री रामहरि गोरा तथा श्री रामकृष्ण त्वायना अध्यक्ष रहेको गठित उपभोक्ता समिति अनुमोदन गरी चालू आ.व. मा रु. ६०,००,०००।– भन्दा नबढ्ने गरी कार्य गर्न कार्यादेश दिने र बांकी कार्य क्रमगत रुपमा आगामी आ.व.हरुमा संचालन गर्दै लाने र हाललाई माग बमोजिम पेश्की उपलब्ध गराउने निर्णय गरियो ।**

४. भ.न.पा. कार्यालयको आ.व. २०७२।०७३ को न.पा. अनुदान अन्तर्गत योजना बत्सला देवी मन्दिर पुनः निर्माण कार्यका लागि रु.१,२८,६२,२१४।– (एक करोड अठ्ठाइस लाख बैसाठी हजर दुई सय चौध रुपैया मात्र) विनियोजन भएकोमा सो कार्यलाई फेज वाइज संचालन हुने गरी सोकै बजेट यस आ.व. २०७२।०७३ मै संचालन हुने गरी योजना लान्चापलीदेखि तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा जाने चौबाटोसम्म वर्षातको पानी व्यवस्थित गर्न ल.ई रु.७,१०,५५८।९० स्वीकृत गरी सो रकम रकमान्तरण गर्न र सो योजना उपभोक्ताद्वारा संचालन गर्ने भएकोले सो कार्यको लागि स्वीकृत ल.ई. को ३० प्रतिशत लागत सहभागिता गराई योजना संचालन गर्न योजना तथा प्राविधिक शाखाबाट टिप्पणी पेश भएको हुंदा उल्लेख भए अनुसार गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिका कार्यालयको आ.व. २०७२/०७३ का न.पा. अनुदान अन्तर्गत जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम अनुसार नगरका प्रस्तावित सम्पदा क्षेत्र तथा विभिन्न वडाहरुमा सौर्य सडक बत्ती जडान गर्नको लागि उपभोक्ता समिति ठन गरी यस न.पा. मा सम्पर्क गर्न सूचना जारी गर्ने निर्णय गरियो ।

६. भ.न.पा. नयां भवन, व्यासी भ.पु.स्थितको टुरिष्ट सपिङ्ग सेन्टरको एक तल्ले भवन भत्काउने क्रममा भ.न.पा. कार्यालयका पार्किङ्ग स्थलमा पार्किङ्ग गरिाखेको बा १९प ४२२३ को बजाज डिस्कभर मोटर साइकल गारोले ठिचिएर क्षति भएकोले आवश्यक व्यवस्थाको लागि यस न.पा.का प्लम्बर हरिरत्न ध्वोजुको निवेदनमा र यस न.पा.कै सा.सु.क. राजेन्द्र बोहजुको साइकल पनि सोही दिन क्षति भएकोले आवश्यक मर्मतको लागि निवेदन पेश भएकोमा छलफल हुंदा उल्लेखित मोटरसाइकल र साईकल यस न.पा.बाट आवश्यक मर्मत गरिदिने निर्णय गरियो ।